# प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
## स्तर निर्धारण तथा सम्बन्धन महाशाखा
## सानोठिमी, भक्तपुरको
## सम्भाव्यता अध्ययन (स्थलगत निरीक्षण) एवं पूर्वाधार निरीक्षण सम्बन्धी अत्यन्त जरुरी सूचना !
प्रकाशित मिति २०८३/०४/१५

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्बाट सम्बन्धन/स्विकृती लिई ३ वर्षे डिप्लोमा तथा प्रमाणपत्र तहका कार्यक्रम सञ्चालनका लागि विभिन्न मितिमा परिषद् कार्यालयमा दर्ता भएका प्रस्तावनाहरूमध्ये परिषद् कार्यालयद्वारा मिति २०८२/०८/२९ गते प्रकाशित सूचना अनुसार सम्बन्धन/स्विकृती प्रक्रियामा सहभागी हुन इच्छुक संस्थाका प्रस्तावित कार्यक्रमको सम्भाव्यता अध्ययन (स्थलगत निरीक्षण) गर्ने र पूर्वाधार तयारी अनुमति पत्र (LOI) प्राप्त गरी पूर्वाधार निरीक्षण शुल्क समेत जम्मा गरेका संस्थाका प्रस्तावित कार्यक्रमको पूर्वाधार निरीक्षण गर्न लागिएको व्यहोरा सम्बन्धित सवैको जानकारीका लागि अनुरोध छ। सम्भाव्यता अध्ययन हुने संस्थाका प्रस्तावित कार्यक्रमका लागि कार्यक्रम सञ्चालन गर्न सम्भाव्यता भएको पुस्टायाई र पूर्वाधार निरीक्षण हुने संस्थाका प्रस्तावित कार्यक्रमको हकमा तोकिएका मापदण्ड अनुसारका पूर्वाधार र आवश्यक कागजात सहितका विवरणहरू अद्यावधिक गरी निरीक्षण कार्यमा खटिई आउने विशेषज्ञ सहितको टोलीलाई आवश्यक सहयोग गरिदिनुहुन परिषद् कार्यालयको मिति २०८३/०४/१५ गतेको निर्णयानुसार जानकारी गराइन्छ | साथै परिषद् कार्यालयबाट पूर्वाधार तयारी अनुमति पत्र (LOI) प्राप्त गरी पूर्वाधार निरीक्षण शुल्क वुझाउन वाँकी संस्थाहरूले तोकिएको समय भित्रै पूर्वाधार निरीक्षण शूल्क वुझाउन हुन समेत यसै सूचना मार्फत सूचित गरिन्छ ।

यस सम्बन्धमा थप जानकारी आवश्यक भएमा परिषद्का प्रदेश कार्यालयमा समेत सम्पर्क गर्नसकिने छ।

**सम्पर्कका लागि**
प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
फोन नं. ०१ - ६६३०४०८, सानोठिमी, भक्तपुर ।
इमेलः**ctevtaccreditation061@gmail.com**